Regd. No.: 621/054/55 CDO
6892/054/55 SWC

नेपाल अपाङ्ग महिला संघ

**Nepal Disabled Women Association (NDWA)**

Kalopul, Kathmandu

Estd-2054(1998)

## प्रेस विज्ञप्ति

**मिति: २०८३ भदौ ११ गते (बिहिबार), अगस्ट २७, २०२६**

**विषय: रसुवा तथा प्रभावित जिल्लाहरूमा गएको विनाशकारी बाढीमा अपाङ्गता भएका महिलाहरूको सुरक्षा र समावेशी उद्धार-राहतका सम्बन्धमा**

काठमाडौं , २०८३ भदौ १० गते (अगस्ट २६, २०२६) रसुवाको तिमुरे तथा स्याफ्रुबेसी क्षेत्रमा आकस्मिक आएको माहाविनाशकारी बाढी तथा त्यसको प्रभावले रसुवा, नुवाकोट, धादिङ, गोर्खालगायत क्षेत्रमा ठूलो जनधनको क्षति भएको छ। खोज तथा उद्धार कार्य जारी रहेकाले मृतक, घाइते तथा बेपत्ताको संख्या अद्यावधिक भइरहेको छ। हालसम्म १६५ भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको र सयै व्यक्ति (विदेशी तथा स्वदेशी) अझै सम्पर्कविहीन रहेको आधिकारिक तथ्यांकले देखाएको छ । नेपाल अपाङ्ग महिला संघ यस विपदमा ज्यान गुमाउनु भएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछ र बेपत्ता व्यक्तिहरूको शीघ्र तथा सुरक्षित खोजीका लागि अपिल गर्दछ।

यस आकस्मिक विपदमा अपाङ्गता भएका व्यक्ति तथा बालिका विशेष जोखिममा पर्न सक्ने भएकाले सरकार, सुरक्षा निकाय, स्थानीय तह तथा मानवीय सहायता परिचालन गर्ने संस्थाहरूको तत्काल ध्यानाकर्षण गराउँदछ।

**संघका मुख्य चासो**

विपद्को समयमा अपाङ्गता भएका महिलाहरूलाई सूचना समयमै र सुलभ माध्यम (साङ्केतिक भाषा, सरल भाषा) मार्फत नपुग्दा उनीहरू असुरक्षित बन्ने गरेका छन्

- उद्धार तथा अस्थायी शिविरहरूमा भौतिक पहुँचयोग्य पूर्वाधार (ह्वीलचियर र्‍याम्प, सुरक्षित शौचालय आदि) को अभावले अपाङ्गता भएका व्यक्तिहरुहरूलाई थप कठिनाइ हुने गरेको छ।
- राहत वितरण तथा स्वास्थ्य सेवामा अपाङ्गता भएका महिला तथा व्यक्तिहरूको पहुँच सुनिश्चित गर्न विशेष योजना आवश्यक हुने हुंदा छ।
- विस्थापित परिस्थितिमा अपाङ्गता भएका महिला तथा बालिकाहरूमाथि हुनसक्ने शोषण र हिंसाको जोखिम बढ्ने भएकाले सुरक्षा उपायहरू अपरिहार्य छन्।

**संघका अनुरोध /ध्यानाकर्षण**

- अपाङ्गता भएका महिला तथा बालिका, उच्च सहयोग आवश्यक पर्ने व्यक्ति, गर्भवती महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको पहिचान गरी सुरक्षित उद्धार गरियोस्।
- अस्थायी शिविरमा र्‍याम्प, पहुँचयोग्य शौचालय, सुरक्षित आवागमन, गोपनीयता तथा आवश्यक व्यक्तिगत सहयोगको व्यवस्था गरियोस्।
- खाद्यान्न र पानीसँगै औषधि, सहायक सामग्री, सेनेटरी सामग्री आबश्यकता अनुसारको सामग्री उपलब्ध गराइयोस्।
- राहत तथा पुनर्स्थापनाको योजना र कार्यान्वयनमा अपाङ्गता भएका महिला तथा OPDs को अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लिङ्ग, उमेर र अपाङ्गता अनुसार तथ्यांक संकलन गरियोस्।
- सुरक्षा तथा मनोसामाजिक परामर्श सेवामा अपाङ्गता भएका महिलाहरूको विशेष पहुँच सुनिश्चित गरियोस्।

नेपाल अपाङ्ग महिला संघ **"कसैलाई पछाडि नछोड्नुहोस्"** सिद्धान्तअनुसार यस विपद्को प्रतिकार्य, राहत तथा पुनर्स्थापनामा अपाङ्गता भएका महिला तथा बालिकाको अधिकार, सुरक्षा, मर्यादा र आवश्यकतालाई केन्द्रमा राख्न सम्बन्धित सबै निकायलाई आग्रह गर्दछ। संघ आवश्यक समन्वय तथा पैरवीका लागि प्रतिबद्ध रहेको छ।

**सहयोगका लागि हेल्पलाइन**

बाढीबाट प्रभावित अपाङ्गता भएका महिला, बालिका वा उनीहरूका परिवारजनले सहयोग, जानकारी वा उद्धार-राहत सम्बन्धी अनुरोधका लागि संघको हेल्पलाइन नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ:

**हेल्पलाइन नम्बर: ९८०१५७१२२५ (२४ सै घण्टा सञ्चालनमा)**

**सम्पर्क विवरण:**

नेपाल अपाङ्गता भएका महिला संघ काठमाडौं, नेपाल
फोन: ९८०१५७१२२५
इमेल: info@ndwa.org.np

**मीना पौडेल**
**अध्यक्ष**
**एवं नेपाल अपाङ्ग महिला संघ परिवार**